१२. प्रतिबद्धता

..... कार्य संचालन नगरेमा वा दुरुपयोग गरेमा पहिलो पक्षले सचेत गराउँदा समेत सुधार नगरेमा पहिलो पक्षले सम्झौता रद्ध गरेमा दोस्रो पक्ष मन्जुर छ ।

१३. संझौताका अन्य प्रावधानहरुः

यो सम्झौता नेपालको प्रचलित कानून सम्मत हुनेछ । प्रचलित ऐन कानूनको पालना गर्नु पर्नेछ ।

माथि उल्लेख गरिएका शर्त तथा जिम्मेवारी पुरा गर्न हामी सबै मन्जुर भै तल हस्ताक्षर गरेका छौ ।

दोस्रो पक्षः	पहिलो पक्षः परशुराम नगरपालिका, डडेल्धुराको तर्फ बाट
दस्तखतः नामः ठेगाना छाप	दस्तखतः नामः पदः परशुराम नगरपालिका, डडेल्धुरा कार्यालयको ज्ञद्दछाप
साँक्षीहरु	

प्रमाणिकरण मिति :- २०७६।०९।१३

आज्ञाले
तारानाथ पनेरु
प्रमुख प्रशासकीय अधिकृत

परशुराम नगरपालिका

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयस

स्थानीय राजपत्र

परशुराम नगरपालिकाबाट प्रकाशित

खण्डः २ संख्याः ४ मितिः २०७६/०९/१८

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

भाग २

दिगो जलचर तथा जलीय जैविक विविधता संरक्षण, प्रवर्द्धन तथा उपयोग सम्बन्धी निर्देशिका २०७६

प्रस्तावनाः परशुराम नगरपालिका क्षेत्रभित्र अवस्थित महाकाली नदी, रंगुननदी, पन्तुरा खोला, कलेना खोला, शीर्ष खोला, साँदनी खोला तथा यिनका जलाधार क्षेत्र, सहायक नदी, खोला, ताल, तलैया र सिमसारमा पाइने विभिन्न प्रजातीका दुर्लभ, संकटापन्न, खतरा, लोपोन्मुख अबस्थामा रहेका स्थानीय माछा एवं जलीय जैविक विविधताको संरक्षण गर्न, माछामा आधारित समुदायको जिविकोपार्जनको प्रवर्द्धन तथा व्यवस्थापन गर्न, जलश्रोत तथा माछामा आश्रित समुदाय बीचको अन्तर सम्बन्ध तथा अन्तर निर्भरता सुदृढ

गर्न, नदी, ताल तलैया, सीमसार, जलिय जैविक विविधताको संरक्षण गरी नगरपालिका भित्र रहेका खोला तथा जलाधार क्षेत्र, ताल, तलैया, सिमसारको संरक्षण संबर्द्धन सदुपयोग गरी जलीय शुद्धता, वातरवरण संरक्षण, रैथाने प्रजाती संरक्षण तथा आम नागरिकको सुविधा र जिविकोपार्जन कार्यक्रमका लागि आवश्यक मार्ग निर्देशिकाको व्यवस्था गर्न वाञ्छनीय भएकाले परशुराम नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने नियमावलीको नियम ३ बमोजिम यो मार्ग निर्देशिका बनाई जारी गरिएको छ ।

परिच्छेद- १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रराम्भ : (१) मार्ग निर्देशिकाको नाम " **परशुराम नगरपालिकाको दिगो जलचर तथा जलीय जैविक विविधता संरक्षण, प्रवर्द्धन तथा उपयोग सम्बन्धी निर्देशिका २०७६** " रहेको छ ।

(क) यो मार्ग निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्ग निर्देशिकामा,

(क) "औजार" भन्नाले माछालाई समाउन, पक्रन, मार्न वा संकलन गर्न प्रयोग हुने सबै किसिमका औजार उपकरण विष्फोटक पदार्थ तथा महाजाल, करेन्ट जाल, बल्छी, साधारण जाल, घन, भाला, थाल थापेर दुवाली बुजेर, सुर्का, बर्षेजाल, फट्याल, तीप थापेर समेत सम्झनु पर्छ ।

(ख) "कार्यपालिका"भन्नाले परशुराम नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ग) "जलचरमा आश्रित समुदाय" भन्नाले नदीनाला, गाड, ताल, तलैया, सिमसारमा रहेको जलचरमा आंशिक वा पूर्ण रुपमा आधारित भई जिविकोपार्जन गर्ने समुदाय सम्झनु पर्छ ।

(घ) "जलश्रोत" भन्नाले ताल, दह, पोखरी, खोला, नदी, खोलानाला, गाड, नहर, कूलो तलाउ, मूल, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्य पालनको लागि जडान भएको पिंजडा, (केज) तथा माछा पालन गरेको धान खेतको पानी र तिनीहरुको श्रोत समेत सम्झनु पर्छ ।

(ङ) "माछा संकलन" भन्नाले जुनसुकै प्रजातिका माछा समाउन, पक्रन, मार्न वा संलकन गर्ने कार्य सम्झनुपर्छ ।

(च) "जलीय जैविक विविधता" भन्नाले नदी र तालमा रहने विविध प्रजातिका प्राणी तथा

परशुराम नगरपालिका

(खण्डः २ संख्याः ४ मितिः २०७६/०९/१८)

अनुसूची १२
(निर्देशिकाको दफा ३० (४) बमोजिमको नदी वा ताल समुदायलाई सुम्पने सम्बन्धी सम्झौता-पत्र)

..... नदी/ताल समुदायलाई सम्पने सम्बन्धी परशुराम नगरपालिका, डडेल्धुरा र श्री ....., डडेल्धुरा बीच भएको सम्झौता पत्र

१) परिचय
२) उद्धेश्य :
३) लाभान्वितवर्ग :
४) सम्झौताका पक्षहरु
परशुराम नगरपालिका, डडेल्धुरा (यसपछि पहिलो पक्ष भनिने) र श्री ..... (यसपछि दोस्रो पक्ष भनिने) बीच .....लागि दुबै पक्षको सहमतीमा यो सम्झौता पत्रमा हस्ताक्षर भयो ।
५) जिम्मेवारी हरु
क) परशुराम नगरपालिका, डडेल्धुराको जिम्मेवारी
ख) श्री ..... समूह/सहकारी/ फर्म, डडेल्धुराको जिम्मेवारी
६) ..... समूह/सहकारी/ फर्म ले फालना गर्नु पर्ने शर्तहरु
७) ..... नदी/ताल उपभोग गरे वाफत दोस्रो पक्षले पहिलो पक्षलाई बुझाउनु पर्ने शुल्क
८) संझौता अवधिः .. देखि ..... सम्म ।
९) पारदर्शिता सम्बन्धी व्यवस्था
१०) सम्झौता रद्ध गर्न सकिने अवस्थाहरु
११) सम्झौताको फेरबदलः
संझौताका पक्षले आवश्यक ठानेमा यो संझौतामा हेरफेर गर्न, संशोधन गर्न, सुधार गर्न सकिनेछ । तर यस्तो हेरफेर गर्दा दुवै पक्षका बीचमा छुट्टै लिखित सहमती तयार गर्नु पर्नेछ । यसरी गरेको सहमती पत्र पनि यस सम्झौताको अभिन्न अङ्ग हुनेछ ।

अनुसूची - ११
(दफा ३० को उपदफा (३) सँग सम्बन्धीत)

परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

दर्ता नं. :-
मितिः-

समूह दर्ताको प्रमाणपत्र

श्री.....सामुदायिक जलचर संरक्षण समूह .....

यस ..... पालिकाको मिति..... को निर्णय अनुसार परशुराम नगरपालिकाको दिगो जलचर तथा जलीय जैविक विविधता संरक्षण, प्रवर्द्धन तथा उपयोग सम्बन्धी निर्देशिकाले दिएको अधिकार प्रयोग गरी ....सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी जलचर र जलीय जैविक विविधताको संरक्षण, दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्न सफलता मिलोस भन्ने शुभकामनाका साथ यो प्रमाणपत्र दिइएको छ ।

पालना गर्नुपर्ने विशेष शर्तहरुः
१.
२.
३.

.....सामुदायिक जलचर संरक्षण विवरणः
सामुदायिक जलचर संरक्षणसमूहको क्षेत्क
घर धुरीको संख्याः-
कुल जनसंख्याः-

प्रमाणपत्र दिने अधिकृतको
नामः-
दर्जाः-
दस्तखतः-
मितिः-

द्रष्टव्यः- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक सयरुपैंयाँ दस्तुर लाग्नेछ ।

(खण्डः २ संख्याः ४ मितिः २०७६/०९/१८)

परशुराम नगरपालिका

बनस्पति र तिनीहरुको विकास चक्रसँग सम्बन्धीत पारिस्थितिकीय (इकोसिस्टम) विविधता, प्रजातिगत विविधता र आनुवंशिक विविधता समेतलाई सम्झनु पर्छ ।

(छ) "दिगो उपयोग" भन्नाले जलीय जैविक विविधता र त्यसका अवयवहरु दीर्घकालिन रुपमा
नमर्ने र पूर्ववत् अवस्थामा रहन सक्ने तथा दीर्घकालिन रुपमा संचिति कायम गर्न सक्ने
सिमा भित्र रहने गरी गरिएको सदूपयोग सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले परशुराम नगरपालिकालाई सम्झनुपर्छ ।

(झ) "प्रमुख" भन्नाले परशुराम नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले परशुराम नगरपालिका को प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ट) "मत्स्य भऱ्याङ्ग (फिस ल्याडर)" भन्नाले जलचरको आवागमनको लागि नदी वा तालमा राखिएको बैकल्पिक बाटो सम्झनु पर्छ ।

(ठ) "लाभको समन्यायिक वितरण" भन्नाले सामुदायिक नदी वा तालको संरक्षण, व्यस्थापन, दिगो उपयोग तथा माछा तथा अन्य जलचरको विक्रि वितरण, पर्यटन जस्ता माध्यमबाट प्राप्त लाभको महिला, दलित, आदिवासी जनजाति र विपन्न वर्गका सदस्यलाई समन्यायिक रुपमा वितरण गरिने लाभ सम्झनु पर्छ ।

(ड) "वडा" भन्नाले परशुराम नगरपालिकाको वडाहरु सम्झनुपर्छ ।

(ढ) "उप प्रमुख" भन्नाले परशुराम नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(ण) " पशुशाखा" भन्नाले परशुराम नगरपालिकाको पशुशाखा सम्झनु पर्छ।

(त) "माछा व्यवसायी" भन्नाले व्यावसायीक रुपमा माछा पोखरी निर्माण गरी माछा उत्पादन गर्नेलाई सम्झनु पर्छ ।

(थ) " जलचर" भन्नाले पानीभित्र बस्ने जुनसुकै जीव सम्झनु पर्छ ।

(द) " जलचर संकलन" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव समाउन,पक्रन,मार्न वा संकलन गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ध) " मत्स्य कृयाकलाप" भन्नाले कुनै पनि प्राकृतिक जलाशय/ जलक्षेत्रमा हुर्किएका वा हुर्काइएका जलचर वा जलीय वनस्पतिको व्यवस्थापन तथा उत्पादन संग सम्बन्धीत कृयाकलापलाई सम्झनु पर्छ ।

(न) "मत्स्य" भन्नाले वातावरण अनुसार शरीरको तापक्रममा परिवर्तन हुने पानीमा रहने प्राणीलाई सम्झनुपर्छ । यस शब्दले विभिन्न प्रकारका माछा जस्ता अन, सिंगडा, मखना, झिंगे माछा, गंगटा, घुङ्ती, जीवित वा मृत जलचर र तीनका अण्डा र बच्चा समेतलाई जनाउँछ ।

(प) "मत्स्यपालन" भन्नाले नियन्त्रित अवस्थामा गरिएको माछा वा जलीय वनस्पति लगायतका जलीय जीवहरुको खेती वा पालन सम्झनुपर्छ ।

(फ) " मत्स्य ह्याचरी" भन्नाले नियन्त्रीत अवस्थामा गुणस्तरीय मत्स्य विज उत्पादन गर्ने आवस्यक संरचना (ओभरहेड टैंक, स्पानिङ टैंक, ईन्कुवेसन टैंक, माउ पोखरी) आदि सहितको थलो बुझ्नुपर्ने हुन्छ ।

(ब) " र्‍याञ्चिङ" भन्नाले माछा तथा जलचरहरुको प्रभावकारी संरक्षण र व्यवस्थापनलाई सुनिश्चित गर्न लोपोन्मुख जातका माछा माछा भुरा छाड्ने र व्यवस्थापन गर्ने क्रियाकलापलाई सम्झनु पर्छ ।

(भ) " पेलेटिङ" भन्नाले दानाको कच्चा पदार्थलाई विभिन्न आकार तथा साईजका डल्लाहरु बनाई उत्पादन गर्ने उपकरण सम्झनुपर्छ ।

(म) " एरेटर" भन्नाले हावामा पाईने अक्सीजन पानीमा घुलाई अक्सीजनको मात्रा बढाउने उपकरण सम्झनु पर्छ ।

(य) " जोखिम मूल्यांकन" भन्नाले कुनै नया जलचरमा पालन सुरुवात गर्दा, तिनीहरुलाई स्थानान्तरण गर्दा त्यस्ता स्थलमा रहेका श्रोतहरु एवं तिनको बासस्थानमा कुनै असर पर्छ कि पर्दैन भनी गरिने पूर्व मूल्यांकन प्रक्रियालाई सम्झनु पर्छ ।

(र) " स्टक बृद्धि" भन्नाले सार्वजनिक जलाशयमा उपभोक्ता समूहको लाभ हुने उद्देश्य लिई माछा छोड्ने कार्यलाई सम्झनु पर्छ ।

३. मार्ग निर्देशिकाको आवश्यकता :

क) यस परशुराम नगरपालिका क्षेत्रभित्र अवस्थित सम्पूर्ण खोलाहरु, तीनका जलाधार क्षेत्र तथा सहायक नदी, खोला, ताल, तलैया, सिमसार वा मानव निर्मित संरचनामा पाइने विभिन्न प्रजातीका दुर्लभ, संकटापन्न, खतरा, लोपोन्मुख अबस्थामा रहेका स्थानीय माछा एवं जलीय जैविक विविधताको संरक्षण गर्न ।

ख) माछामा आधारित समुदायको जिविकोपार्जनको प्रवर्द्धन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले ।

ग) नदी, खोलाहरुमा जलीय स्वस्थता कायम गर्न ।

घ) नदी खोलाका रैथाने माछाको संरक्षणका लागि वैकल्पिक उपायका रुपमा र ब्यावसायिक माछा पालन विकासका लागि ।

ङ) खाद्य एवं पोषण सुरक्षाका लागि ।

अनुसूची -१०
(दफा ३० को उपदफा (२) सँग सम्बन्धीत)
सामुदायिक जलचर संरक्षण समूहको दर्ताको लागि दिइने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
परशुराम नगरपालिकाको कार्यालय,
डडेल्धुरा, सुदूरपश्चिम प्रदेश

परशुराम नगरपालिकाको दिगो जलचर तथा जलीय जैविक विविधता संरक्षण, प्रवर्द्धन तथा उपयोग सम्बन्धी निर्देशिका को व्यवस्था बमोजिम सामुदायिक जलचर संरक्षण समूहको गठन गरी उक्त समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । समूहको दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

निवेदक

..... सामुदायिक जलचर संरक्षण समूहको तर्फबाट

क्र. सं.	नाम	पद	दस्तखत
१.			
२.			
३.			
४.			
५.			
६.			
७.			
८.			
९.			

मितिः-.....

परशुराम नगरपालिका

१२. संझौताका अन्य प्रावधानहरुः

यो सम्झौता नेपालको प्रचलित कानून सम्मत हुनेछ । प्रचलित ऐन कानूनको पालना गर्नु पर्नेछ ।

माथि उल्लेख गरिएका शर्त तथा जिम्मेवारी पुरा गर्न हामी सबै मन्जुर भै तल हस्ताक्षर गरेका छौं ।

दोस्रो पक्षः	पहिलो पक्षः परशुराम नगरपालिका, डडेल्धुराको तर्फ बाट
दस्तखतः नामः ठेगाना छाप	दस्तखतः नामः पदः परशुराम नगरपालिका, डडेल्धुरा कार्यालयको छाप
साँक्षीहरु	

४. मार्ग निर्देशिकाको उद्देश्यहरु :

यस मार्ग निर्देशिकाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) यस परशुराम नगरपालिका क्षेत्रभित्र अवस्थित सम्पूर्ण खोलाहरु, नदी, ताल तलैया, सिमसार क्षेत्र, जलाधार क्षेत्रको जलीय जैविक विविधता, वातावरण तथा जलचरहरुको संरक्षण, प्रवर्द्धन, व्यवस्थापन एवं दिगो विकास गरि सन्तुलित र बुद्धिमतापुर्ण उपयोग गर्ने ।

(ख) यस परशुराम नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण खोला नदी तथा तीनका जलाधार क्षेत्र, तीनका सहायक नदी र खोला, ताल ,तलैया, सिमसार क्षेत्रमा रहेका विभिन्न प्रजातिका माछाहरुको संरक्षण गर्दै त्यसको दीगो सदुपयोगको माध्यमवाट माछामा निर्भर आदिवासी जनजाती, महिला, दलित, विपन्न र स्थानीय समुदायको जीविकापार्जनलाई संवर्द्धन गर्ने ।

(ग) स्थानीय सरोकारवालाहरुको सहभागितामा नगरपालिका भित्रका सम्पूर्ण जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी जलवायु परिवर्तनको प्रभावलाई न्युनिकरण गर्ने ।

(घ) यस परशुराम नगरपालिका क्षेत्रभित्र अवस्थित सम्पूर्ण जलाधार क्षेत्रको प्राकृतिक जैविक पद्धति, जलीय जैविक विविधता, वातावरण तथा माछा लगायत अन्य जलचरहरु र तिनीहरुका वासस्थानको संरक्षण गर्न आदिवासी जनजाती तथा स्थानीय समुदायको परम्परागत ज्ञान र सीपलाई पहिचान गरि परिचालन तथा उपयोग गर्ने ।

(ङ) उपलब्ध जलश्रोतको सदुपयोग गर्दै मत्स्य उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य एवं पोषण सुरक्षामा टेवा पुर्‍याउने ।

५. यस मार्ग निर्देशिका लागू हुने क्षेत्र : परशुराम नगरपालिकाको क्षेत्र भित्र ।

परिच्छेद २
जलचर संरक्षण तथा सम्बर्द्धन सम्बन्धी व्यवस्था

६. नदी वा जलस्रोत कुनै व्यक्तिलाइ हकप्रद नहुनेः

महाकाली नदी, रंगुन नदी लगायत नगरपालिका क्षेत्रभित्रका खोलानाला, ताल तलैयामा रहेका सबै प्रजातीका माछाहरु उपर कुनै व्यक्ति वा संस्थाको स्वामित्व वा हक स्थापित गर्न पाईने छैन । तर स्थानीय तहबाट प्रचलित कानुन बमोजिम अनुमती, हक, छुट, सुविधा, पट्टा वा पुर्जि प्राप्त गरी वा अरु

परशुराम नगरपालिका

कुनै प्रकारले अधिकार प्राप्त गरेकोमा सो अवधिसम्मका लागि यो व्यवस्था लागु हुने छैन ।

(खण्डः २ संख्याः ४ मितिः २०७६/०९/१८)

७. जलचर मार्ने वा समात्ने तरीकाहरुमा प्रतिबन्धः

(१) कुनै पनि व्यक्तिले कुनै पनि प्रजातीको माछालाई समात्ने वा मार्ने अभिप्रयाले जानीजानी नदी,

नाला, खोला, ताल वा पोखरीमा कुनै किसिमको विद्युतीय धार (करेन्ट), विष्फोटक पदार्थ वा

विषालु पदार्थको प्रयोग गर्न वा गर्न लगाउन पाईने छैन ।

(२) कुनै व्यक्तिले कुनै पनि प्रजातीको माछा समाउने वा मार्ने अभिप्रायले माछा मार्ने विधि प्रयोग गर्दा यसै निर्देशिकाको अनुसूची १ मा तोकिए बमोजिम बाहेक अन्य प्रकारको जाल, पासो लगायतका विधि प्रयोग गरी माछा मार्न पाईने छैन ।

(३) माछा मार्न वा समाउनका लागि दुवाली थुन्ने कार्य वा महाजाल जस्ता औजार वा साधन प्रयोग गर्दा माछाका भूरा र माउ माछा समेत सबै साईजको माछा मर्न सक्ने वा तिनमा क्षति हुने भएकाले प्रयोग गर्न पाइने छैन ।

(४) माछा मार्न वा समाउनका लागि जैविक (स्थानीय) तथा रसायनिक विषादी, करेन्ट जाल (गिल नेट) तथा विष्फोटक पदार्थको प्रयोग गर्न पाईने छैन ।

(५) स्थानीय तहले आफ्नो क्षेत्र भित्रका नदी ,खोला, ताल, पोखरी, सीमसार क्षेत्रमा पाईने माछाहरुको अनुसूची २ बमोजिम यथासम्भव वैज्ञानीक तरिकाले अभिलेख तयार गर्नुपर्छ ।

८. पैठारी वा खरीद बिक्रिमा प्रतिबन्धः (१) यस नगरपालिका भित्र कसैले पनि माछा समात्न वा

मार्नका लागि विषालु पदार्थ, विषादी, ब्याट्री, जाल (आँखाको साईज दुई सेन्टिमिटर भन्दा सानो

भएको) र करेन्ट जाल पैठारी वा खरीद गर्न पाईने छैन ।

९. जलचर संरक्षण सम्बन्धी अन्य ब्यवस्था :

फिस ल्याडर (मत्स्य भ्याङ्ग) तथा संरचनाको ढोका थुन्न वा भत्काउन नहुने :

(१) जलचर संरक्षण ऐनले तोकिएको अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि माछा (जलचर) को संरक्षणको लागि नदी वा तालमा राखिएको

मत्स्य भ्याङ्ग, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोका थुन्न वा भत्काउन पाईने छैन ।

(खण्डः २ संख्याः ४ मितिः २०७६/०९/१८)

बरुवाराजा नगरपालिका

च) नगरपालिकाले प्रतिबन्धित गरेको माछाको जातहरु मार्न पाईने छैन भने माछा मार्न नपाउने गरी प्रतिबन्ध गरीएको अवधिभर पनि माछा मार्न पाईने छैन ।

७) सम्झौता उल्लघन गरेमा हुने सजाय

क) धरौटी रकम जफत गरिनेछ ।

ख) गलत प्रयोजनका लागि प्रयोग गरीएका सामानहरु जफत गरिनेछ ।

ग) बिघो र बिघो बराबरको जरीवाना घरघरानाबाट असुल उपर गरिनेछ

घ) कालो सूचीमा राखिनेछ ।

८) दोस्रो पक्षले कबुल गरेको रकम पहिलो पक्षलाई बुझाउने सम्बन्धी व्यवस्था

क) कबोल अंकको ..... प्रतिशत रकम धरौटी राख्ने

ख) सम्झौता गरेको पहिलो महिना कबुल गरेको रकमको .... प्रतिशत पहिलो पक्षलाई बुझाउने ।

ग) सम्झौता अवधिको बीचमा ... प्रतिशत रकम पहिलो पक्षलाई बुझाउने ।

घ) सम्झौता अवधिको अन्तमा ... प्रतिशत रकम पहिलो पक्षलाई बुझाउने ।

१०) संझौता अवधिः .. देखि ..... सम्म

११) सम्झौता रद्ध गर्न सकिने अवस्थाहरुः

क) सम्झौता मा तोकिएको माछा मार्ने विधि, माछा मार्ने अवधि, माछाको साईज विपरित कार्य गरेमा ।

ख) तोकिएको समयमा रकम भुक्तानी नगरेमा ।

ग) नगरपालिकाले चाहेमा ।

१२) सम्झौताको फेरबदलः

संझौताका पक्षले आवश्यक ठानेमा यो संझौतामा हेरफेर गर्न, संशोधन गर्न, सुधार गर्न सकिनेछ । तर यस्तो हेरफेर गर्दा दुवै पक्षका बीचमा छुट्टै लिखित सहमती तयार गर्नु पर्नेछ । यसरी गरेको सहमती पत्र पनि यस सम्झौताको अभिन्न अङ्ग हुनेछ ।

१३) प्रतिबद्धता

..... कार्य संचालन नगरेमा वा दुरुपयोग गरेमा पहिलो पक्षले सचेत गराउँदा समेत सुधार नगरेमा पहिलो पक्षले सम्झौता रद्ध गरेमा दोस्रो पक्ष मन्जुर छ ।

अनुसूची ९
(निर्देशिकाको दफा २० (२) बमोजिम जलक्षेत्रमा पाईने माछा मार्ने ठेक्का सम्बन्धीत)

..... नदी/खोला/ताल मा माछा मारेर बेच्न पाउनका लागि परशुराम नगरपालिका, डडेल्धुरा र श्री ....., डडेल्धुरा बीच भएको ठेक्का सम्झौता पत्र

१) परिचय

२) उद्देश्य :

३) लाभान्वितवर्ग :

४) सम्झौताका पक्षहरु

परशुराम नगरपालिका, डडेल्धुरा (यसपछि पहिलो पक्ष भनिने) र श्री ..... (यसपछि दोस्रो पक्ष भनिने) बीच .....लागि दुबै पक्षको सहमतीमा यो सम्झौता पत्रमा हस्ताक्षर भयो ।

५) जिम्मेवारीहरु

क) परशुराम नगरपालिका, डडेल्धुराको जिम्मेवारी

ख) श्री ..... समूह/सहकारी/ फर्म, डडेल्धुराको जिम्मेवारी

६) ठेकेदार ले पालना गर्नु पर्ने शर्तहरु

क) २ से.मी. भन्दा ठुलो आकारको प्वाल (आँखा) भएको जाल प्रयोग गरेर मात्र माछा मार्न पाउने छ ।

ख) .... नदी/खोला/ताल वरिपरि बसोवास गर्ने र माछामा आश्रित परिवारहरुलाई माछा मार्ने पुर्जी दिँदा वार्षिक रु. .. भन्दा बढी लिन पाईने छैन ।

ग) ..... स्थानहरुलाई माछा मार्ने क्षेत्र (घाट) तोकी सोही स्थानहरुबाट मात्र माछा मार्न वा समात्न पाईनेछ ।

घ) यस निर्देशिकामा प्रतिवन्धित माछा मार्ने विधिहरु अपनाएर माछा मार्न पाईने छैन ।

ङ) अनुसुची ५ मा उल्लेखीत माछाहरु बाहेक अन्य माछाहरु २० से.मी. भन्दा बढी लम्वाई भए मात्र मार्न पाईनेछ ।

परशुराम नगरपालिका

प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक यस प्रयोजनका लागि अधिकार प्राप्त व्यक्ति भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(२) विद्युत, खाने पानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने निकायले जलचरको आवागमनमा वाधा पर्न नदीनको लागि सम्भव भएसम्म फीस ल्याडर निर्माण गर्नु पर्नेछ । फीस ल्याडर निर्माण गर्न सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आस पासको क्षेत्रमा माछा (जलचर) को कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा माछा (जलचर) नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (२) अनुसारको निर्माण कार्य गर्दा यस नगरपालिकालाई पूर्व जानकारी दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको निर्माण कार्य गर्दा मत्स्य भर्याङ निर्माण गर्न सम्भव वा ब्यावहारिक नहुने अवस्था भएमा बाँध निर्माण गर्ने निकायले बाँधको तलबाट माछा आवागमनका लागि बाँधको तल्लो तहबाट माछा समाती बाँधको उपल्लो वा माथील्लो भागमा छाड्ने क्याच र रिलिज जस्ता ब्यवस्था आफ्नै खर्चमा अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(५) उपदफा ४ बमोजिम क्याच र रीलिजका माध्यमबाट माछा आवागमनको ब्यवस्था गर्दा चैत्र, बैसाख, जेष्ठ, आषाढ र श्रावण महिनामा दैनिक कम्तीमा एक पटक र अन्य महिनामा प्रत्येक हप्तामा दुई पटक गर्नुपर्नेछ ।

(६) उपदफा २ बमोजिमको बाँध निर्माण र संचालन गर्दा स्थानीय तथा तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा जीविकोपार्जन कार्यक्रमलाई आघात वा क्षती पुग्न नदीन सुख्खा याममा नदी, खोला वा तालको न्यूनतम प्रवाहका कम्तीमा पच्चीस प्रतिसत (२५%) न्यूनतम वातावरणीय बहाव सुनिश्चित गर्नुपर्नेछ ।

(७) उपदफा (२) बमोजिमको आयोजनाहरु निर्माण गर्दा त्यस्ता आयोजनाहरुबाट वातावरणमा पर्न सक्ने वातावरणिय नकारात्मक प्रभावलाई न्यून हुने गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने छ ।

(८) उपदफा (२) बमोजिमको आयोजनाहरु निर्माण गर्दा त्यस्ता आयोजनाहरु निर्माण गर्दा त्यस्ता आयोजनाहरुबाट वातावरणमा पर्न सक्ने नकारात्मक असरका सम्बन्धमा सार्वजनिक सुनुवाई लाई मुख्य आधार बनाई प्रचलित कानुनको आधारमा रही आवश्यकतानुसार वातावरणीय प्रभाव मूल्याँकन वा प्रारम्भिक वातारणीय परिक्षण गर्नु पर्नेछ ।

१०.प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक केही खास प्रजातीका माछा समात्न,

मार्न तथा चोट पुऱ्याउन नपाईने :

(१) अनुसूची ३ मा लेखीएका प्रजातीका माछाहरुलाई प्रचलित कानून बमोजिम तोकिएको अधिकारी वा

सो अन्तरगत रहने गरी परशुराम नगरपालिका ले तोकेको अधिकार प्राप्त अधिकारीको इजाजत

विना कुनै पनि व्यक्तिले जानी जानी समात्न, मार्न वा चोट पुऱ्याउन पाईने छैन ।

(२) अनुसुची ४ मा तोकिएको ऋतुमा तोकिएका कुनै प्रजातीका माछाहरुलाई कुनै पनि व्यक्तिले जानी

जानी समात्न, मार्न, चोट पुऱ्याउन पाउने छैन ।

१. नदी, खोला र ताल प्रदुषित गराउन नपाईने : जलचर संरक्षण ऐन २०१७ मा तोकिए बमोजिम

बाहेक कुनै व्यक्ति, सस्था वा निकायले कुनै काम कारोवार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य

कम निस्काशन गर्नु पर्नेछ र फोहरबाट निस्केको दुषित पानी वा ढल नदी, खोलानाला वा तालमा

चुहावट वा उत्सर्जन गरी नदी, खोला वा ताल प्रदुषित गर्न गराउन पाईने छैन ।

परिच्छेद ३

नगरपालिका तथा समुदायको अधिकार सम्बन्धी व्यवस्था

१२.आदेश जारी गर्ने नगरपालिकाको अधिकार :

(१) यस नगरपालिकाले संघीय तथा प्रदेश कानूनसंग नबाँझिने गरी नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी जलचर संरक्षण ऐन तथा यस निर्देशिकाको अनुसूची ४ समेत को आधारमा तोकिएको स्थान, याम, ऋतु वा तालमा स्थानीय तहको अनुमती बेगर कुनै पनि व्यक्तिले माछा समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी आदेश गर्न सक्नेछ ।

(२) यस नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी जलीय जैविक महत्व भएको तथा लोपोन्मुख प्रजातीका माछाको संरक्षण सुनिश्चित गर्न नदी, खोला वा तालको पुरै वा आँशिक भाग वा कुनै क्षेत्रमा उक्त प्रजातीको माछा समात्ने, मार्ने, संकलन गर्ने वा क्षती हुनसक्ने क्रियाकलापमा रोक लगाई माछा मार्न प्रतिबन्धित क्षेत्र (No Fishining Zone) घोषणा गर्न सक्नेछ ।

परशुराम नगरपालिका

११. प्रतिबद्धता

..... कार्य संचालन नगरेमा वा दुरुपयोग गरेमा पहिलो पक्षले सचेत गराउँदा समेत सुधार नगरेमा दोस्रो पक्षबाट पहिलो पक्षले अनुदान रकम बराबरको नगद वा जिन्सी सामान फिर्ता गर्न दोस्रो पक्ष मन्जुर छ ।

१२. संभौताका अन्य प्रावधानहरुः

यो सम्झौता नेपालको प्रचलित कानून सम्मत हुनेछ । प्रचलित ऐन कानूनको पालना गर्नु पर्नेछ ।

माथि उल्लेख गरिएका शर्त तथा जिम्मेवारी पुरा गर्न हामी सबै मन्जुर भै तल हस्ताक्षर गरेका छौं ।

दोस्रो पक्षः	पहिलो पक्षः परशुराम नगरपालिका, डडेल्धुराकोतर्फ बाट
दस्तखतः नामः ठेगाना छाप	दस्तखतः नामः पदः परशुराम नगरपालिका, डडेल्धुरा कार्यालयको छाप
साँक्षीहरु	

(खण्डः २ संख्याः ४ मितिः २०७६/०९/१८)

६) बजेट विवरण तथा साझेदारीः

क्र. सं.	शीर्षक	इकाई	परिमाण	दर	जम्मा रु	नगरपालिकाले व्यहोर्ने रकम रु	..... ले व्यहोर्ने रकम रु	कै.
	जम्मा							

७) भुक्तानि प्रकियाः

यो सम्झौतामा उल्लेख भएका कियाकलापको भुक्तानी गर्दा क्रियाकलाप सम्पन्न गरे पश्चात कियाकलाप अनुसारका खर्च का बिल तथा भरपाई पेश गर्नु पर्ने छ । सम्झौता अनुसारको कार्यक्रम संचालन गरी सार्वजनिक सुनुवाई गरेपछि मात्र भुक्तानीको प्रक्रिया अगाढी बढाईनेछ । इष्टिमेट भन्दा बढी रकम पहिलो पक्षले भुक्तानी गर्ने छैन ।

८) संभौता अवधिः .. देखि ..... सम्म ।

९) भुक्तानीको रोकावटः प्रथम पक्षले देहाय बमोजिमको अवस्थामा आंशिक वा पुरै रकमको भुक्तानी रोक्का वा खारेजी गर्न सक्नेछ ।

- दोश्रो पक्षले तोकिए बमोजिमको गुणस्तर अनुसार सन्तोषजनक कार्य नगरेमा वा पेश गरिएको प्रतिबेदन तथा अन्य कागजातहरुमा झुट्ठा विवरणहरु उल्लेख गरेको पाईएमा वा संझौतानुसार आफूले गर्नु पर्ने दायित्व जिम्मेवारी पुरा नगरेमा प्रथम पक्षले आंशिक वा पुरै रकमको भुक्तानी रोक्का वा खारेजी गर्न सक्नेछ ।

१०) सम्झौताको फेरबदलः

संझौताका पक्षले आवश्यक ठानेमा यो संझौतामा हेरफेर गर्न, संशोधन गर्न, सुधार गर्न सकिनेछ । तर यस्तो हेरफेर गर्दा दुवै पक्षका बीचमा छुट्टै लिखित सहमती तयार गर्नु पर्नेछ । यसरी गरेको सहमती पत्र पनि यस सम्झौताको अभिन्न अङ्ग हुनेछ ।

परशुराम नगरपालिका

१३.समुदायको अधिकार तथा कर्तव्यः

(१) प्रचलित कानून, जलचर संरक्षण ऐन तथा यस निर्देशिकाको अधिनमा रही माछा मार्न वा समात्न

स्थानीय समुदाय वा नागरीकलाई रोक लगाएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा विभिन्न प्रजातिका माछा लगायत जलीय जैविक

विविधताको संरक्षण तथा दीगो उपयोग गर्नु सम्बन्धीत व्यक्ति, समुदाय तथा सरोकारवालाहरुको

कर्तब्य हुनेछ ।

१४. सार्वजनिक नदी वा तालमा गर्न नहुने काम :

(१) सार्वजनिक नदी वा तालमा कुनै पनि व्यक्तिले प्रचलित कानून, जलचर संरक्षण ऐनले निषेध गरेका

कार्यका अतिरिक्त देहायका कुनै कार्य समेत गर्न गराउन पाईने छैन ।

(क) नदी, खोला वा ताल र माछा लगायत अन्य जलचर मास्न, सामुदायीक नदी वा तालले चर्चेको जग्गा मास्न, धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हस्तान्तरण गर्न,

(ख) नदी, खोला वा तालमा भूक्षय हुने कुनै काम गर्न,

(ग) नगरपालिकाको अनुमती बेगर माटो, ढुंगा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसार पसार गर्न,

(घ) प्रचलित कानून बमोजिम बाहेक जलाधार क्षेत्रमा अवस्थित नदी, खोला, ताल तलैया लगायतका स्थानमा माछा लगायत अन्य जलचरमा असर पर्ने गरी जैविक विषादी, विषादीयुक्त पदार्थ, मानव सृजित फोहरमैला मिसाउन वा सवारी साधन पखाल्न वा प्लाष्टिकजन्य पदार्थ मिसाउन,

(ङ) माछा लगायत जलीय जैविक विविधताको वासस्थान, खाद्यचक्र र जलीय जैविक विविधतामा ह्रास आउने अन्य कुनै काम गर्न ।

परिच्छेद ४
नगरपालिका तथा समुदायको दायित्व

१५.जलचर संरक्षणका लागि नगरपालिकाको दायित्वः यस नगरपालिका क्षेत्रभित्रका नदी, खोला, नाला, ताल तलैयामा रहेका जलचरहरुको संरक्षणका लागि देहायका कार्यहरु गर्नु नगरपालिकाको दायित्व हुनेछ ।

(क) प्रचलित ऐन, नियम तथा यस निर्देशिकामा जलचर संरक्षण सम्बन्धी भएको व्यवस्था र सो को पालना नगरेमा हुने दण्ड जरीवाना बारे जनसमुदायलाई विभिन्न प्रकारका संचार माध्यमहरु, होर्डिङ बोर्ड तथा पोष्टर, पम्पलेट आदि मार्फत जानकारी दिने ।

(ख) पशुशाखा मार्फत स्थानीय स्तरमा माछा संरक्षण समूह गठन गरी शाखामा दर्ता गर्ने व्यवस्था गर्ने ।

(ग) जलचर संरक्षण समूह, माछा संरक्षण समूह एवं समितिहरुका लागि अनुसूचि ५ बमोजिम प्रस्ताव आह्वानको सूचना प्रकासित गरी समितिहरुको अनुसूचि ६ बमोजिमको आवेदन फाराम, अनुसूचि ७ बमोजिमको मत्स्य विकास कार्यक्रम कार्यान्वयनको अवधारणाको संक्षिप्त कार्ययोजना बमोजिम प्राप्त कागजातका आधारमा अनुसूची ८ बमोजिमको मत्स्य विकास कार्यक्रम सम्झौता गरी जलचर संरक्षणका कार्यक्रम तथा मत्स्य विकास कार्यक्रमहरु संचालन गर्ने ।

(घ) प्रचलित ऐन, कानून तथा यस निर्देशिकाले प्रतिबन्ध गरेका विधिहरु अपनाएर माछा मार्ने व्यक्तिहरुबारे स्थानीय समुदायबाट गोप्य सूचना, उजुरी लिई अपराधिलाई नियमानुसार कार्वाही गरी सूचनादातालाई प्रोत्साहन रकम उपलब्ध गराउने । यस निर्देशिका अनुसार निषेधित कार्य गर्ने र गराउने व्यक्तिका बारेमा जानकारी उपलब्ध गराउने व्यक्ति वा समुहलाई प्रदान गर्ने प्रोत्साहन रकमका बारेमा प्रत्येक वर्ष नगर कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

(खण्डः २ संख्याः ४ मितिः २०७६/०९/१८)

(ङ) लोपोन्मुख माछाहरुको संरक्षणका लागि र्‍याञ्चिङका क्रियाकलापहरु संचालन गर्ने ।

परशुराम नगरपालिका

क. सं.	संचालन गरिने कियाकलाप	इकाइ	परिमाण	अनुदान सहयोग रु.	नीजि लगानी रु.	जम्मा लगानी रु.

९. व्यवशाय गरेको भए, विगत कति वर्ष देखि .....
निरन्तर गरि रहेको वर्ष.....महिना.....

१०. व्यवसायको लागि श्रमको व्यवस्थापन :
क) पारिवारीक ख) वाहिर वाट ग) दुवै

११. वार्षिक आम्दानी रु.

तर्फ वाट सहि गर्नेको

नाम : पद : दस्तखत :	संस्थाको छापः (संस्थाको हकमा)
मिति :	

अनुसूची ८
(निर्देशिकाको दफा १५ को (ग) मत्स्य बिकास कार्यक्रम सम्झौता-पत्र)

मत्स्य विकास कार्यक्रम संचालनका लागि परशुराम नगरपालिका, डडेल्धुरा र श्री ....., डडेल्धुरा बीच भएको सम्झौता पत्र

१) परिचय
२) उद्धेश्य :
३) लाभान्वितवर्ग :
४) सम्झौताका पक्षहरु

परशुराम नगरपालिका, डडेल्धुरा (यसपछि पहिलो पक्ष भनिने) र श्री ..... (यसपछि दोस्रो पक्ष भनिने) बीच .....लागि दुबै पक्षको सहमतीमा यो सम्झौता पत्रमा हस्ताक्षर भयो ।

५) जिम्मेवारीहरु

क) परशुराम नगरपालिका, डडेल्धुराको जिम्मेवारी
ख) श्री ..... समूह/सहकारी/ फर्म, डडेल्धुराको जिम्मेवारी

अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार यस नगरपालिका भित्रै रही कार्य गर्नेछु / छौ ।

पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु / छौ ।

तपशिल
१. अनूसूची ७ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदिका प्रतिलिपीहरु)
५. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
६. समूह/समिति/सहकारिका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा प्रतिवद्धता

निवेदकको
नाम :
दस्तखत :
ठेगाना :

अनुसूची ७
(निर्देशिकाको दफा १५ को (ग) मत्स्य विकास कार्यक्रम कार्यान्वयनको अवधारणा संक्षिप्त कार्ययोजना)

१. उद्यमीको नाम थर :
ठेगाना : ..... गाउँ/टोल : ..... वार्ड नं. : .....
परशुराम नगरपालिका, डडेल्धुरा
२. संचालन गर्न खोजेको मत्स्य पालन सम्बन्धी व्यवसाय र स्थान :
३. सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :
आफ्नो लगानी : आफ्नो पारिवारिक श्रम :
४. व्यवसायवाट उत्पादन हुने वस्तु :
५. उत्पादित कृषि बस्तुको परिमाण :
बजारयोग्य परिमाण :
६. व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?
७. व्यवशाय संचालन गरिने स्थान :
८. संचालन गरिने कार्य विवरणः

परशुराम नगरपालिका

(च) माछा संरक्षण समूहका लागि पशु शाखा मार्फत पेलेटिङ, एरेटर जस्ता उपकरणहरुको ब्यवस्था गर्ने ।

१६.जलचरको वासस्थान संरक्षण : नदी, खोला, नाला को छेउछाउमा बृक्षारोपण गर्ने तथा नदी, खोला, नालाको छेउछाउका ढलेका रुखहरुका अवशेषहरु कसैलाई लैजान नदीने जिम्मेवारी नगरपालिकाको हुनेछ । नगरपालिकाका नदी खोलाहरुको छेउछाउमा बन्ने तालहरुको संरक्षण गर्ने जिम्मेवारी तथा दायित्व समेत नगरपालिकाको हुनेछ । नगरपालिकाले माछा संरक्षणका लागि आवस्यक परेमा नदी खोलामा कृत्रिम ताल निर्माण गर्नु पर्नेछ ।

१७.प्राकृतिक तालहरुको संरक्षण तथा उपयोग : नगरपालिका क्षेत्रभीत्र रहेका प्राकृतिक तालहरुको संरक्षण गरी स्थानीय समुदायहरुलाई वा व्यक्तिलाई निश्चित अवधिका लागि नगरकार्यपालिकाले संरक्षण गरी पर्यटन प्रवर्द्धनका लागि जिम्मा दिन सक्नेछ । सो सम्बन्धी थप व्यवस्था नगरकार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

१८.जलचर संरक्षणका लागि स्थानीय समुदायको दायित्व : जलचर संरक्षणका लागि स्थानीय समुदायको जिम्मेवारी तथा दायित्व देहाय बमोजिम हुनेछ ।

(क) यस निर्देशिकाले तोकेको विधि बाहेक अन्य विधि अपनाएर माछा नमार्ने,

(ख) यस निर्देशिकाले निषेध गरेका विधि अपनाएर माछा मार्ने व्यक्तिका बारेमा स्थानीय प्रशासन तथा नगरपालिकालाई गोप्य सूचना दिने,

(ग) जलचरको बासस्थान संरक्षण कार्यमा सहयोग गर्ने ।

परिच्छेद ५
नदी, नाला, खोला तालमा रहेका माछाको उपयोग

१९.सर्वसाधारण तथा पर्यटकले माछा मार्न पाउने :

(१) नगरपालिकाको क्षेत्र भीत्र रहेका खोला, नाला, ताल आदिमा रहेकामा अनुसूची २ मा उल्लेख गरीएका लोपोन्मुख जातका माछा बाहेकका माछा मार्नका लागि नगर कार्यपालिकाको निर्णय अनुसारको शुल्क लिई माछा मार्नको लागि निश्चित अवधि तोकेर पर्यटक तथा स्थानीय बासिन्दाका लागि माछा मार्ने सूचना जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) अनुसार माछा मार्न तोकिएको शुल्क तिरी माछा मार्ने स्थानीय वासिन्दा र पर्यटकहरुले साधारण बल्छि वा २० मि.मि. भन्दा ठूलो प्वालहरु भएको जाल प्रयोग गरेर मात्र माछा मार्न पाउनेछन् ।

२०. नदी, खोला, नाला ठेक्का सम्बन्धी व्यवस्था :

(१) नगरपालिकाले नगरकार्यपालिकाको निर्णयबाट आफ्नो नियन्त्रणमा रहेको जुनसुकै जलमा कुनै एक वा एक भन्दा बढी प्रकारका जलचरहरु समात्ने तथा मार्ने कामको ठेक्का बन्दोबस्त गर्न सक्नेछ । प्रचलित कानून बमोजिम जलमा माछा पालन गर्ने वा माछा मार्ने ठेक्का दिंदा प्राविधिक अधिकारीसंग परामर्श लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको ठेक्का दिंदा जलचर समात्न वा पक्रन प्रयोग गरिने साधनको मापदण्ड यस निर्देशिकाले तोकेको मापदण्डको विपरित नहुने गरी अनुसूचि ९ को सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको ठेक्का दिंदाको कार्यविधि

क) नगर कार्यपालिकाले नगरपालिका भित्र रहेको जलक्षेत्रहरु मध्ये कुन कुन जलक्षेत्रको कुन कुन भागमा कहिले देखि कहिले सम्म कुन कुन जलचरको कुन कुन जातका माछाहरु समात्न र मार्न पाउने भन्नेबारेमा सुझाव दिन एक कार्यदल बनाएर जिम्मेवारी दिनेछ ।

(ख) कार्यदलको सुझावको अधिनमा रही नगर कार्यपालिकाले जलक्षेत्र र सो को भागहरु तोकेर जलचरका जातहरु समेत तोकी मार्न वा समात्नका लागि ठेक्का दिने निर्णय गर्नेछ ।

(ग) माछा मार्ने ठेक्का सम्बन्धी १५ दिने सूचना स्थानीय पत्रिकामा प्रकाशन गरिनेछ ।

(घ) प्रकाशित सूचना अनुसार पर्न आएका आवेदन माथी नगरपालिकाले तोकिएको छनोटका आधारमा मूल्याँकन गरी छनोट गर्नेछ । ठेक्का सम्बन्धी छनोटका आधारहरु नगरपालिकाको कार्यक्रम कार्यान्वयन समितिले तोके बमोजिम हुनेछ ।

(ङ) माछा मार्न वा समात्नका लागि २ से.मी. भन्दा ठुलो आकारको प्वाल (आँखा) भएको जाल मात्र प्रयोग गर्न पाईनेछ ।

(च) २० से.मी. भन्दा बढी लम्बाई भएको माछा मात्र मार्न पाईनेछ । माछा मार्ने वा समात्ने क्रममा २० से.मी. लम्बाई भन्दा सानो आकारको माछा परेमा पुनः जलक्षेत्रमा छोड्नु पर्नेछ ।

(छ) महाकाली नदीमा माछा मार्न वा समात्नका लागि ठेक्का प्राप्त गर्ने व्यक्तिलाई निश्चित स्थान (घाट) तोकेर सोही स्थानबाट मात्र माछा मार्न पाउने गरी पुर्जि दिनु पर्नेछ ।

अनुसूची ५
(निर्देशिकाको दफा १५ को (ग) बमोजिम
प्रस्तावना आह्वानको सूचना)

सूचना । सूचना ॥ सूचना ॥।

यस नगपालिकाको आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मत्स्य व्यवसाय सम्बन्धी कार्यक्रमको माध्यमवाट कृषि विकासको प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक व्यक्ति, फर्म, समूह, सहकारीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारामम्मा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

तपशिल

१.	अनुसूची ६ अनुसारको आवेदन फाराम ।
२.	अनुसूची ७ अनुसारको संक्षिप्त कार्य योजना ।
३.	नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४	अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरु ।
५	समूह, सहकारी, फर्म दर्ता नविकरण, करचुक्ता आदि आवश्यकतानुसार

अनुसूची ६
(निर्देशिकाको दफा १५ को (ग) बमोजिम आवेदन फाराम)

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

विषय : मत्स्यपालन सहयोग कार्यक्रम उपलब्ध गराई दिने वारे ।

महोदय,

परशुराम नगरपालिका

म/हामीलाई उक्त अनुदान सहयोग प्राप्त गरी ..... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु / छौ । मैले

४	बादडो		असार श्रावण
५	भुरे	(खण्डः २ संख्याः ४ मितिः २०७५/०४/१८)	
६	कठयाल		माघ फागुन
७	गेलुवा		चैत्र, बैशाख
८	जलेठो		चैत्र, बैशाख
९	फकेटा		
१०	बुदुनो		
११	पैसे		
१२	झिँगे		
१३	सुईले		
१४	पलाएनो		
१५	खसरे		
१६	गदेरा		
१७	पाटे		
१८	जुँगे		
१९	धामि		
२०	काईयो		
२१	गेरडा		
२२	बलँगा		
२३	क्लच		
२४	कत्ले		
२५	सट्टा		

परशुराम नगरपालिका

(ज) माछामा आश्रित समुदायका व्यक्ति वा परिवारलाई माछा मार्ने पुर्जी जारी गर्दा सहुलियत दिनु पर्नेछ । सहुलियतका बारेमा सम्झौतामा उल्लेख गरे अनुसार हुनेछ ।

२१. तालमा माछापालनका लागि ठेक्का सम्बन्धी व्यवस्था : (१) नगरपालिका क्षेत्रभित्र रहेका तालमा माछापालनका लागि समूह, सहकारी वा व्यक्तिलाई निश्चित अवधि तोकी ठेक्कामा दिनका लागि

नगर कार्यपालिकाले निर्णय गर्नेछ । तालको जलिय क्षेत्रफल अनुसार कार्यक्रम कार्यान्वयन समितिको सिफारीसमा ठेक्का रकम निर्धारण गरिनेछ ।

(२) उपदफा (१) अनुसारको कार्य गर्नका लागि नगरपालिकाले प्रस्ताव पेश गर्न १५ दिने सूचना प्रकाशन गर्नेछ । प्रकाशित सूचना अनुसार प्राप्त हुने प्रस्ताव उपर कार्यक्रम कार्यान्वयन समितिले निर्धारण गरेका प्रस्ताव छनोटका आधार अनुसार सबै भन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावकको प्रस्ताव छनोट गरी तोकिएका घोल, तालमा माछापालन गर्नका लागि नगरपालिका ले आवश्यक सहयोग गर्न सक्नेछ ।

परिच्छेद ६
मत्स्य पालन व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

२२.मत्स्य पालन क्षेत्र विस्तार : ताल, तलैया, खोलानालामा रहेका माछामा मानविय अतिक्रमण कम गर्न, स्थानीय स्तरको माछाको मागलाई सम्बोधन गर्न, मत्स्य पालन मार्फत कृषकको आर्थिक स्तर सुधार गर्न र नगरवासीको पोषण सुधारका लागि समेत यस नगरपालिकाका कृषकहरुलाई निजी पोखरीमा माछा पालनका लागि नगरपालिकाले सहयोग गर्नेछ ।

२३. कार्यक्रम संचालन प्रकृया :

नगरपालिकामा मत्स्य पालन क्षेत्र विस्तारको कार्यक्रम संचालन प्रकृया देहाय अनुसार हुनेछ ।

क) प्राविधिकको परामर्शमा पोखरीको निर्माण गर्नु पर्नेछ ।

ख) कम्तीमा ५ पोखरी निर्माण भएको समूहलाई व्यापासायिक माछा पालन समूह मानिनेछ । एकै समूहमा २० वटा पोखरी निर्माण भएमा फिस जोन र ५० वटा भएमा फिस सुपर जोन घोषण गरी सोही बमोजिम प्रोत्साहन अनुदान व्यवस्था गरिनेछ ।

ग) पोखरीको गहिराई कम्तिमा १.२ मीटर पानी अट्ने हुनुपर्नेछ । तर पोषण सुधारका लागि साना किसानहरुलाई सम्बोधन गर्न कम्तीमा १ कट्ठा जलाशय भएको करेसा पोखरी निर्माणका लागि समेत अनुदान दिन सक्नेछ ।

(खण्डः २ संख्याः ४ मितिः २०७६/०९/१८)

२४. नगरपालिकामा मत्स्य पालन सम्बन्धी कार्यक्रम संचालन गर्न कार्यक्रम कार्यान्वयन समितिको गठन प्रकृया निम्नानुसार हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत	संयोजक
आर्थिक विकास समिति संयोजक	सदस्य
प्रतिनिधि, मत्स्य संरक्षण समूह/मत्स्य सहकारी	सदस्य
अध्यक्ष, उद्योग बाणिज्य संघ	सदस्य
नगर प्रमुखद्वारा मनोनित नगरसभा सदस्य	सदस्य
प्रतिनिधि सहकारी शाखा	सदस्य
वन, वातावरण तथा विपद व्यवस्थापन शाखा	सदस्य
सम्बन्धीत वडा अध्यक्ष	सदस्य
पशु शाखा प्रमुख	सचिव

नोटः उपरोक्त समितिमा आवश्यकतानुसार विज्ञहरु आमन्त्रीत गर्न सकिनेछ ।

२५. माछा तथा जलक्षेत्रसंग आश्रित समुदायलाई प्रोत्साहन तथा क्षमता अभिबृद्धि

(१) माछा तथा जलिय जैविक विविधता सम्बन्धी सचेतना अभिबृद्धि गर्ने कार्यक्रम अगाडि बढाउने ।

(२) माछा पालन तथा माछाको जीवनचक्र सम्बन्धी तालिम संचालन गर्ने ।

(३) व्यवसायीक माछा पालनको लागि प्रोत्साहन गर्ने ।

(४) माछा तथा जलिय जैविक विविधता सम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रिया जस्ता कार्यक्रमहरु संचालन गर्ने ।

मदसे				
सिद्र				
भोरि				
बलँगा				
क्लच				
कत्ले				
सट्टा				

अनुसूची ३
(निर्देशिकाको दफा १० को उपदफा (१) संग सम्बन्धीत)

प्रचलित कानून बमोजिम तोकिएको अधिकारी वा सो अन्तरगत रहने गरी स्थानीय तहका अधिकार प्राप्त अधिकारीको इजाजत बिना कुनै पनि व्यक्तिले जानी जानी समात्न, मार्न, चोट पुऱ्याउन नपाईने प्रजातीका माछाहरु

सि. नं.	माछाको स्थानीय नाम	माछाका् वैज्ञानिक नाम	संरक्षणको अवस्था	कानूनी प्रावधान	सूचना
१	असला	सिजोथोराक्स इसोसिनस	Criticaly Endangered	जलचर संरक्षण ऐन, २०१७ को दफा ४ को खण्ड (क)	नेपाल राजपत्रमा प्रकाशन २०५९।४।२०

अनुसूची ४
(निर्देशिकाको दफा १० को उपदफा (२) संग सम्बन्धीत)

विशेष प्रजातीका माछाहरु मार्न वा समाउन नपाउने महिनाहरु (ऋतुहरु)

क.स.	माछाको स्थानीय नाम	माछाको वैज्ञानिक नाम	महिना
१	असला	सिजोथोराक्स मोलेसओर्थी	भाद्र देखि कार्तिक
२	महासेर	टोर पुटिटोरा	असार श्रावण
३	कत्ले	नियोलिसोकाइलस	चैत्र बैशाख

अनुसूची २
(निर्देशिकाको दफा ७ को उपदफा (५) संग सम्बन्धीत)

नगरपालिका भित्रका नदी, खोलानाला, ताल तलैया, पोखरी तथा सीमसार क्षेत्रमा पाईने माछाहरुको अभिलेख

सामान्य प्रजातिका माछाहरु	लोपोन्मुख प्रजातिका माछाहरु	संकटाउन्मुख प्रजातिका माछाहरु	संकटापन्न प्रजातिका माछाहरु	जोखिममा रहेको प्रजातिका माछा
सहर	मदसे	भुरे	पलाएनो	मदसे
असला	सिद्र	फकेटा	जुँगे	सिद्र
बादडो	भोरि	सुईले	धामि	भोरि
भुरे	बलँगा			बलँगा
कठयाल	क्लच			क्लच
गेलुवा	असला			असला
जलेठो	सहर			सहर
फकेटा	बादडो			बादडो
बुदुनो	सट्टा			सट्टा
पैसे				मदसे
झिँगे				
सुईले				
पलाएनो				
खसरे				
गदेरा				
पाटे				
जुँगे				
धमि				
काईयो				
गेरडा				

नगरपालिका

परिच्छेद ७
अनुगमन तथा निरीक्षण

२६.अनुगमन तथा निरीक्षण :

(१) नगरपालिकामा दर्ता भएका संरक्षण समूह वा समितिलाई ठेक्का तथा भाडामा दिईएका नदी, खोला, जलाधार तथा जल क्षेत्रमा तोकीएको शर्तहरुको पालना गरे वा नगरेको विषयमा कार्यक्रम कार्यान्वयन समिति र नगरपालिकाको अनुगमन समिति ले समय समयमा अनुगमन तथा निरिक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार अगनुगमन तथा निरिक्षण गर्ने कार्य नगरपालिकाले मातहतको वडा कार्यालय, निकाय वा शाखालाई तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको सम्बन्धीत वडा कार्यालय, निकाय वा शाखाले अनुगमन तथा निरिक्षण गर्दा कुनै अनियमित भएको पाईएमा सो को बिचार गरी प्रतिवेदन तयार गरी कार्यपालिकामा बुझाउनु पर्नेछ । कार्यपालिकाले आवश्यक सुधार तथा कानून बमोजिम कार्वाही गर्नु पर्ने देखिएमा सो का लागि आवश्यक कार्वाही अगाडि बढाउन सक्नेछ ।

२७. संस्थागत सुधार तथा सवलीकरण : (१) यस नगरपालिकाले निर्देशिकामा उल्लेखीत व्यवस्थाहरु कार्यान्वयन गर्नका लागि प्रचलित कानून बमोजिम गठन भएका समूह, समिति तथा उपसमितिहरुको गतिविधिहरुको नियमित अनुगमन तथा निरिक्षण गरी तिनीहरुको क्षमता अभिबृद्धिकालागि आवश्यक कार्यहरु गर्न सक्नेछ ।

परिच्छेद ८
दण्ड सजाय सम्बन्धी व्यवस्था

२८. दण्ड सजाय :

(१) जलचर संरक्षण ऐन २०१७ (संशोधन सहित) मा तोकिएको निषेधित कार्य गर्ने व्यक्तिलाई उक्त ऐन अनुसारको कार्वाहीका लागि सम्बन्धीत निकायमा लेखी पठाईनेछ ।

(२) यस निर्देशिका अनुसार निषेधित कार्य गर्ने व्यक्ति वा सस्था, उक्त कार्य गर्न सहयोग गर्ने व्यक्ति वा सस्थालाई दुई पक्षिय सम्झौतामा उल्लेख भएकोमा सम्झौता अनुसार र अन्य अवस्थामा क्षतीको प्रकार हेरी नगरकार्यपालिकाले कार्यक्रम कार्यान्वयन समिति वा नगरपालिका अनुगमन समितिको प्रतिवेदनका आधारमा दण्ड सजाय तथा क्षतीपुर्ति असुल गर्नेछ ।

(३) नगरपालिका ले लगाएको ठेक्का कबुल गरी तोकीएको स्थान, समय र विधि अनुसार माछा मार्ने गरी गरीएको सम्झौता विपरित कार्य गर्ने ठेकेदारलाई निजले राखेको धरौटी रकम जफत गरी निजलाई कालो सुचीमा राख्नुका साथै जलचर संरक्षण ऐनमा तोकीए बमोजिमको कार्वाही गर्नका लागि जिल्ला प्रशासन कार्यालयलाई लेखी पठाईनेछ ।

(४) माछा संरक्षण समूहमा कुनै विवाद आएमा, समूहहरु वीच विवाद परेमा पीडित पक्षले नगरपालिकाको न्यायिक समितिमा उजुर दिनुपर्नेछ ।

परिच्छेद ९
विविध

२९. सरोकारवाला संग अन्तरक्रिया छलफल गर्न सकिने :

(१) यस नगरपालिका तथा अन्तरगतका शाखा र उपशाखाले निर्देशिकाको प्रभावकारी कार्यान्वयन एवं समय सापेक्ष सुधारका लागि सरोकारवालाहरुसंग समय समयमा छलफलगरी आवश्यक कदम चाल्न सक्नेछन् ।

(२) निर्देशिका कार्यान्वयन गर्दा वातावरण तथा जैविक विविधता संरक्षण तथा आदिवासी, जनजाती, महिला, दलित, विपन्न वर्ग र माछामा आश्रित स्थानीय समुदायको अधिकारको संरक्षणलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) नगरपालिकाले यस क्षेत्रमा पाईने लोपोन्मुख प्रजातीका माछाको संरक्षण र सम्बर्द्धनका लागि त्यस्तो माछा मार्न वा कुनै क्षती पुर्याउन प्रतिवन्ध लगाउन सक्नेछ ।

(४) यस नगरपालिकाले यस क्षेत्रमा मात्र पाईने प्रजातीका माछाको संरक्षण र सम्बर्द्धनका लागि निश्चित क्षेत्रलाई विशेष वा संरक्षित क्षेत्र तोक्न सक्नेछ । त्यस्तो क्षेत्रमा उल्लेखीत कार्यहरु गर्न प्रचलित कानून र निर्देशिकाका अतिरिक्त आवश्यक अन्य शर्तहरु समेत तोक्न सक्नेछ ।

३०.जलचरको सामुदायिक संरक्षणको व्यवस्था गर्न सकिने :

(१) यस नगरपालिकाले नगरकार्यपालिकाको निर्णयानुसार कुनै नदी वा तालको कुनै भाग वा क्षेत्र कुनै समूहलाई सामुदायिक नदी वा तालको रुपमा सुम्पन सक्नेछ ।

(२)समुदायबाट सामुदायिक जलचर संरक्षण समूह दर्ताका लागि अनुसूची १० बमोजिमको निवेदन नगरपालिकामा पेस गर्नुपर्नेछ ।

(खण्डः २ संख्याः ४ मितिः २०७६/०९/१८)

(३) प्राप्त निवेदन माथी प्राविधिक रुपमा छानवीन गरी वास्तविकताको आधारमा नगरपालिकाबाट अनुसूचि ११ बमोजिमको समूह दर्ताको प्रमाणपत्र दिईनेछ ।

(४) नगरपालिका र सामुदायिक जलचर समुह बीच समुदायलाई सुम्पने सम्बन्धी सम्झौतापत्रको ढाँचा अनुसूची १२ बमोजिम हुनेछ । सामुदायिक संरक्षण समूह गठनका लागि समूहले आफ्नो नियमानुसारको विधान समेत निर्माण गरी नगरपालिकामा पेस गर्नुपर्नेछ ।

३१. मार्ग निर्देशन संशोधन तथा खारेज : यस निर्देशिकाको कुनै दफा, भाग, अनुसुची वा निर्देशिका संशोधन वा खारेज गर्ने अधिकार कार्यपालिकालाई मात्र हुनेछ ।

३२. अमान्यत तथा बदर हुने : यस निर्देशिकामा जे सुकै कुरा लेखीएको भएता पनि प्रचलित जलचर संरक्षण ऐन, २०१७ र प्रदेश ऐन कानून संग बाँझिएका कुराहरु बाँझीएको हदसम्म अमान्य वा स्वतः बदर हुनेछन् ।

३३. ब्याख्याः यो निर्देशिका र यस निर्देशिकामा उल्लेख भएको व्यवस्थाहरुको ब्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

३४. निर्देशनको पालना : कार्यपालिका वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु सम्बन्धीत सरोकारवालाहरुको कर्तब्य हुनेछ ।

अनुसूची - १

(निर्देशिकाको दफा ७ को उपदफा (२) संग सम्बन्धीत)

माछा मार्न अनुमती लिन नपर्ने विधि, अनुमती लिनु पर्ने विधि तथा अनुमती लिन नपाउने विधिहरु देहाय बमोजिम हुनेछ ।

माछा मार्न अनुमती लिन नपर्ने विधि	अनुमती लिनु पर्ने विधि	अनुमती लिन नपाउने विधिहरु
१. सामान्य बल्छी	१. जालको प्रयोग (जालको आखाको साईज ठूलो १ देखि ३ खाना भएको)	१. विद्युतिय उपकरणहरु प्रयोग
		२. विष्फोटक पदार्थहरु प्रयोग
		३. विषादी पदार्थहरु प्रयोग
		४. महाजाल प्रयोग
		५. दुवाली फर्काउने
		६. तिप थाप्ने
		७. घनको ठोकेर

बरुवागढी नगरपालिका